**1st August 2026, Saturday**

**यो आकाशवाणी हो।**

**शुरु गरौं यस बुलेटिनका प्रमुख समाचारहरुबाट**

***१.सार्वजनिक परीक्षा सम्बन्धी संशोधन विधेयकलाई राष्ट्रपतिको स्वीकृति***

**२. प्रधानमन्त्रीद्वारा भोगापुरम अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन**

***३. केन्द्रद्वारा राज्यहरूलाई थप कर वितरण***

**४.राष्ट्रमण्डल खेलमा भारतको उत्कृष्ट प्रदर्शन जारी, बक्सिङमा १० खेलाडी फाइनलमा**

### *१. सार्वजनिक परीक्षा-राष्ट्रपति*

राष्ट्रपति द्रौपदी मुर्मुले सार्वजनिक परीक्षा (अनुचित माध्यमको रोकथाम) संशोधन विधेयक, २०२६ लाई स्वीकृति प्रदान गरेकी छन्। उक्त विधेयक बिहीबार संसदबाट पारित भएको थियो। यस ऐनको उद्देश्य सार्वजनिक परीक्षामा हुने अनुचित गतिविधिलाई नियन्त्रण गर्न कडा सजायको व्यवस्था गर्नुका साथै द्रुत सुनुवाइका लागि विशेष फास्ट ट्र्याक अदालत स्थापना गर्नु हो। ऐनमा दोषी ठहरिएका व्यक्तिलाई अधिकतम १० वर्षसम्म कैद, १० करोड रुपैयाँसम्म जरिवाना तथा उनीहरूको सम्पत्ति जफत गर्न सकिने व्यवस्था गरिएको छ। मुद्दाको छिटो टुंगो लगाउन प्रत्येक राज्य सरकार तथा केन्द्रशासित प्रदेश प्रशासनलाई दैनिक सुनुवाइ हुने विशेष फास्ट ट्र्याक अदालत स्थापना गर्नुपर्ने व्यवस्था गरिएको छ।

### २. विमानस्थल- प्रधानमन्त्री

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आन्ध्र प्रदेश तीव्र गतिमा विकासको मार्गमा अघि बढिरहेको बताउनु हुँदै केन्द्र सरकार 'स्वर्ण आन्ध्र' र 'विकसित भारत'को लक्ष्य पूरा गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ । आज भोगापुरमस्थित अल्लुरी सीताराम राजु अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनपछि आयोजित कार्यक्रममा प्रधानमन्त्री मोदीले करिब १८ हजार करोड रुपियाँ बराबरका पूर्वाधार विकास परियोजनाले राज्यको विकासलाई नयाँ गति दिने उल्लेख गर्नुभयो र विमानस्थलले विशेषगरी उत्तर आन्ध्रमा लगानी, उद्योग, पर्यटन र रोजगारीका अवसर विस्तार गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले भारतमा सञ्चालनमा रहेका विमानस्थलको संख्या २०१४ सालमा ७४ बाट बढेर १६६ पुगेको उल्लेख गर्नुहुँदै 'उडान' योजनाले सर्वसाधारणकालागि हवाई यात्रा सहज र सुलभ बनाएको बताउनु भयो । साथै, मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूको नेतृत्वमा आन्ध्र प्रदेशले 'विकसित भारत–२०४७' को लक्ष्य हासिल गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नु भयो ।

### ३. मैसुरुमा-प्रधानमन्त्री

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज मैसुरुमा स्वामी विवेकानन्द सांस्कृतिक युवा केन्द्र 'विवेक स्मारक' को उद्धाटन गर्नु भयो । सन् १८९२ मा स्वामी विवेकानन्दले मैसुरुको ऐतिहासिक भ्रमण गरेको सम्झनामा यो स्मारक निर्माण गरिएको हो। उहाँले मैसुरुका दिवान सर के. शेषाद्री अय्यरसँग भेट गरेका थिए भने शिकागोमा आयोजित विश्व धर्म सम्मेलनमा सहभागी हुन अमेरिकाको यात्राका लागि मैसुरुका महाराजा श्री चामराजेन्द्र वाडियारबाट आर्थिक सहयोग प्राप्त गरेका थिए । प्रधानमन्त्री मोदीले स्मारकको अवलोकन गर्नुका साथै स्वामी विवेकानन्दको प्रतिमामा पुष्पाञ्जलि अर्पण गर्नुभयो साथै स्मारक परिसरमा बिरुवा रोपन पनि गर्नुभयो । यस अवसरमा कर्नाटकका मुख्यमन्त्री डी. के. शिवकुमार, राज्यपाल थावरचन्द गहलोत तथा रामकृष्ण मठका अध्यक्ष श्रीमत् स्वामी गौतमानन्दजी महाराजलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

### ४. प्रधानमन्त्री-'नशामुक्त युवा–विकसित भारत संकल्प अभियान'

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भोलि भिडियो कन्फरेन्समार्फत 'नशामुक्त युवा–विकसित भारत संकल्प अभियान' को शुभारम्भ गर्नु हुनेछ । यससँगै लागुऔषध दुव्र्यसनविरुद्ध १०० सातासम्म सञ्चालन हुने राष्ट्रव्यापी जनसहभागिता अभियान सुरु हुनेछ। अभियानमा देशभरका १० हजारभन्दा बढी स्थानबाट युवा, स्वयंसेवक, शैक्षिक संस्था, गैरसरकारी संस्था, युवा क्लब तथा आध्यात्मिक संस्थाका प्रतिनिधिहरू सहभागी हुनेछन्। अभियानअन्तर्गत प्रत्येक आइतबार जनचेतनामूलक तथा सामुदायिक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। यसको उद्देश्य युवालाई लागुऔषध दुव्र्यसनबाट टाढा राख्दै सकारात्मक सामाजिक परिवर्तनका लागि प्रेरित गर्नु हो।

### ५.केन्द्रद्वारा कर वितरण

भारत सरकारले आज राज्य सरकारहरूलाई नियमित मासिक कर वितरणका साथै थप एक लाख ९ हजार १९ करोड रुपियाँ उपलब्ध गराएको छ। आगामी १० अगस्तमा हुने नियमित मासिक हस्तान्तरणअघि नै यो अतिरिक्त किस्ता जारी गरिएको हो। वित्त मन्त्रालयका अनुसार राज्यहरूले पूँजीगत तथा विकाससम्बन्धी खर्चलाई तीव्रता दिन सकून् भन्ने उद्देश्यले अतिरिक्त रकम उपलब्ध गराइएको हो। राज्यअनुसारको विवरणमा उत्तर प्रदेशले सबैभन्दा बढी १९ हजार २०८ करोड रुपैयाँ, बिहारले १० हजार ८४५ करोड रुपियाँ र मध्य प्रदेशले ८ हजार १० करोड रुपियाँ प्राप्त गरेका छन्। पश्चिम बंगालले ७ हजार ८६६ करोड रुपियाँ र महाराष्ट्रले ७ हजार २२ करोड रुपियाँ पाएका छन्। साना राज्य तथा केन्द्रशासित प्रदेशमध्ये सिक्किमले ३६५ करोड रुपियाँ, गोवाले ३९८ करोड रुपियाँ र नागाल्यान्डले ५२४ करोड रुपियाँ प्राप्त गरेका छन्।

### ६. नाथुला सीमा मार्ग

सिक्किमस्थित नाथुला सीमा मार्गमार्फत भारत–चीन सीमापार व्यापार आज बिहानदेखि पुनः सञ्चालनमा आएको छ । छ वर्षभन्दा बढी समयदेखि स्थगित रहेको व्यापार पुनः सुरु हुनु दुवै देशबीचको द्विपक्षीय सम्बन्धमा सकारात्मक संकेतका रूपमा हेरिएको छ। व्यापार पुनः सञ्चालनको अवसरमा आज बिहान भारत र चीनका अधिकारीहरू 'नो म्यान्स ल्याण्ड' क्षेत्रमा भेटवार्ता गरेका थिए। चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व तिब्बत स्वायत्त क्षेत्रका प्रशासनिक प्रमुखले गरेका थिए भने त्यसमा वाणिज्य तथा सीमा व्यापार विभागका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो।

*प्रस्तुत छ यस समाचारबारे आकाशवाणीका संवाददाता मैनाक चटर्जीद्वारा तयार गरिएको रिपोर्ट*

***७. केन्द्र सरकार-मेटा***

केन्द्र सरकारले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको फेसबुक पोस्ट केही समयका लागि प्रतिबन्धित भएको घटनाका सम्बन्धमा मेटाको ग्लोबल टोलीलाई स्पष्टीकरणकालागि बोलाएको छ। सरकारी स्रोत अनुसार मेटाको ग्लोबल टोलीसँग अर्को साताको मध्यतिर एल्गोरिदममा सम्भावित पक्षपात, यसको कार्यप्रणाली तथा सार्वजनिक व्यवस्था कायम राख्न कम्पनीको भूमिकाबारे सोधपुछ गरिनेछ। टोलीले संसदीय समितिसमक्ष पनि उपस्थित हुनुपर्नेछ।
यसअघि प्रधानमन्त्री मोदीले युवालाई सम्बोधन गर्नु हुँदै पेपर लिकविरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नु भएको फेसबुक पोस्ट केही समयकालागि अवरुद्ध भएपछि सरकारले मेटाका एक वरिष्ठ अधिकारीलाई पनि स्पष्टीकरण मागेको थियो। मेटाले उक्त घटना प्राविधिक खराबीका कारण भएको भन्दै क्षमा मागे पनि इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले उक्त स्पष्टीकरणलाई अपर्याप्त ठहर गरेको छ।

***८. पर्वतारोही निर्मल पुर्जाको निधन***

विश्वप्रसिद्ध नेपाली पर्वतारोही निर्मल पुर्जाको पाकिस्तानअधिकृत गिलगिट–बाल्टिस्तानस्थित ब्रोड पिक हिमालमा हिमपहिरोमा परी निधन भएको छ। उनी ४३ वर्ष पुगेका थिए। विश्वका ८ हजार मिटरभन्दा अग्ला सबै १४ वटा हिमाल करिब साढे छ महिनामै आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका पुर्जा १० सदस्यीय टोलीसँग ब्रोड पिक आरोहणको प्रयासमा रहेका बेला गत बिहीबार हिमपहिरोमा परेका थिए। उनको निधनको पुष्टि अभियान सञ्चालन गरिरहेको एलिट एक्स्पेड कम्पनीले आज गरेको हो। पाकिस्तानी पर्वतारोहण अधिकारीहरूका अनुसार हिजो हिमालबाट चार जनाको शव उद्धार गरिएको थियो।

***१०.राष्ट्रमण्डल खेल- भारत***

*ग्लास्गोमा जारी राष्ट्रमण्डल खेलकुदमा भारतको उत्कृष्ट प्रदर्शन जारी रहेको छ। विशेषगरी बक्सिङमा ओलम्पिक पदक विजेता लभलिना बोर्गोहाइनको नेतृत्वमा १० जना भारतीय मुक्केबाज फाइनलमा प्रवेश गरेका थिए जसमध्ये* ५४ किलोग्राम भारवर्ग महिला बक्सिङ स्पर्धामा प्रीति पवारले साथै ५७ किलोग्राम भारवर्ग महिला बक्सिङ स्पर्धामा जैस्मिन लांबोरियाले स्वर्ण पदक प्राप्त गरेकी छिन् । *। यसैबीच, **जुडो**मा अस्मिता डे र हर्ष सिंहले भारतलाई पहिलो स्वर्ण पदक दिलाएपछि अन्य भारतीय खेलाडीहरूले पनि विभिन्न तौल समूहमा आफ्नो अभियान सुरु गर्नेछन्। **लन बाउल्समा** नवनीत सिंह र दिनेश कुमारको पुरुष डबल्स जोडीले सेमिफाइनल प्रवेशका लागि इंग्ल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ। साथै, प्यारा एथलेटिक्स र ट्र्याक साइक्लिङमा पनि भारतीय खेलाडीहरू पदकका लागि प्रतिस्पर्धामा उत्रनेछन्।*

***अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः***

***१.सार्वजनिक परीक्षा सम्बन्धी संशोधन विधेयकलाई राष्ट्रपतिको स्वीकृति***
**२. प्रधानमन्त्रीद्वारा भोगापुरम अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन *३. केन्द्रद्वारा राज्यहरूलाई थप कर वितरण***
***४. राष्ट्रमण्डल खेलमा भारतको उत्कृष्ट प्रदर्शन जारी, बक्सिङमा १० खेलाडी फाइनलमा***